प्रस्तुति दिंदै कलाकार

तस्बिर : एजेन्सी

जनवादी गणतन्त्र चीन स्थापनाको ७० औं वर्षगाँठ र मुख्यभूमिमा मकाउ फर्किएको २० वर्ष पुगेको अवसरमा दक्षिणी चीनको मकाउमा आयोजित सांस्कृतिक कार्यक्रममा प्रस्तुति दिंदै फरक क्षमता भएका कलाकार ।

दुई लाख रोहिन्जाले निकाले ज्याली

ढाका, भदौ ८ (एजेन्सी)- म्यानमारबाट विस्थापित भएका रोहिन्जा शरणार्थीले बंगलादेशस्थित शिविरमा ज्याली निकालेका छन् ।

म्यानमारमा आफ्ना आफन्तविरुद्ध जातीय हिंसा भएको दुई वर्ष पुगेको दिन पारेर झण्डै दुई लाख रोहिन्जा सहभागी भएर ज्याली निकालिएको फ्रान्सेली समाचार एजेन्सी एएफपीले उल्लेख गरेको छ ।

> म्यानमारको रखाइन राज्यमा भएको हिंसाका कारण झण्डै सात लाख ४० हजार रोहिन्जा विस्थापित भएर बंगलादेशको शरणार्थी शिविरमा बस्दै आएका छन् ।

बंगलादेशस्थित शरणार्थी शिबिरमा रोहिन्जा शरणार्थीले निकालेको ज्यालीका सहभागी । तस्बिर : एजेन्सी

सन् २०१७ को अगस्ट महिनाको २५ तारिखका दिन म्यानमारको रखाइन राज्यमा भएको हिंसाका कारण झण्डै सात लाख ४० हजार रोहिन्जा विस्थापित भएर बंगलादेशको शरणार्थी शिविरमा बस्दै आएका छन् ।

आइतबारको ज्यालीमा बालबालिका र बुर्का लगाएका महिला पनि सहभागी भएका थिए। उनीहरूले रोहिन्जा जिन्दावाद भनेर नारा पनि लगाएको एएफपीले उल्लेख गरेको छ ।

अहिले रहेको बंगलादेशको शरणार्थी शिबिरलाई संसारकै ठूलो शरणार्थी शिविर मान्ने गरिएको छ ।

म्यानमारको रखाइन राज्यमा मुस्लिम र बौद्ध धर्मावलम्बीका बीचमा धार्मिक र जातीय द्वन्द्व भएपछि उनीहरू विस्थापित भएको अधिकारीले जनाएका छन् ।

विस्थापित भएका रोहिन्जालाई बंगलादेशमा शिविर बनाएर राखिएको छ । त्यहाँ उनीहरूलाई शिविर रहेको क्षेत्रभन्दा बाहिर हिँड्न स्वतन्त्रता दिइएको छैन ।

शरणार्थीलाई स्वदेश फर्काउने बारेमा सन् २०१७ मै बंगलादेश र म्यान्मारबीच सम्झौता भएको थियो तर हालसम्म सो सम्झौता कार्यान्वयन हुन सकेको छैन ।

सुरक्षा र नागरिकतालको सुनिश्चितता नभएको भन्दै शरणार्थीले सम्झौता अनुसार स्वदेश फर्किन अस्वीकार गर्दै आएका छन् ।

पछिल्लो पटक गत बिहीबार ३ हजार ५ सय शरणार्थीलाई म्यानमार फर्काउने तयारी अन्तिम चरणमा पुगेको थियो तर शरणार्थीले सुरक्षा र नागरिकताको सुनिश्चितताको सर्त राखेपछि स्वदेश फर्काउने पछिल्लो प्रयास अर्थहीन भएको छ ।

'अमेजन क्षेत्रमा डढेलोको समस्या चर्चा गरिएजस्तो छैन'

रियो दी जेनेरियो, भदौ ८ (एजेन्सी)- ब्राजिलका राष्ट्रपति जाइर बोल्सोनारोले अमेजन क्षेत्रको डढेलोको समस्या अहिले 'मानिसले चर्चा गरेजस्तो नरहेको' बताएका छन् ।

अमेजन क्षेत्रमा डढेलोबारे विश्वव्यापी रूपमा चासो व्यक्त गरिएको विषयलाई सम्बोधन गर्दै राष्ट्रपति बोल्सोनारोले पत्रकारसँगको कुराकानीमा भने, 'हाम्रा एकाइहरूले उक्त क्षेत्रमा लागेको डढेलो नियन्त्रणमा ल्याउन काम सुरु गरिसकेका छन् । अहिले जंगलमा आगो विश्वव्यापी रूपमा चर्चा गरिएजस्तो विकराल अवस्थामा फैलिएको छैन । वन क्षेत्रमा नभई स्थानीयद्वारा पहिले नै फडानी गरिएको खाली क्षेत्रमा डढेलोको बढी प्रभाव परेको हो,' राष्ट्रपति बोल्सोनारोलाई उद्धृत गर्दै चिनियाँ समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ ।

ब्राजिलमा यसवर्ष औसत संख्यामा नै डढेलोका घटना भएको राष्ट्रपतिले बताए। 'विगत केही वर्ष यता हेर्दा यस वर्ष डढेलोका घटना कम भएका सरकारी मूल्याङ्कन रहेको छ,' उनले भने, 'विश्व समुदायको ध्यानाकर्षण भएको जंगल क्षेत्रको डढेलो अहिले सामान्य बन्दै गइरहेको छ ।'

जापान र अमेरिकाबीच व्यापार सम्झौता

वासिङ्टन, भदौ ८ (एजेन्सी)- जापान र संयुक्त राज्य अमेरिकाबीच व्यापार सम्झौतामा सहमति भएको छ । फ्रान्समा हुने विश्वका प्रमुख औद्योगिक राष्ट्रको समूह (जी-७)को बैठकमा दुवै देशका नेताबीच वार्ता हुनुअघि नै यस्तो सहमति भएको बताइएको छ ।

'वार्तामा ठूलो प्रगति भएको छ,' अमेरिकासँगको व्यापार वार्ताको जिम्मेवारी

> दुबै मुलुकबीच अन्तिम सम्झौता आगामी सेप्टेम्बरको अन्त्यसम्ममा हुने जापानी सञ्चामाध्यमले जनाएका छन् ।

सम्हालेका जापानका अर्थमन्त्री तोसिमिचु मोटेगीले संवाददातासँग वासिङ्टनमा शनिबार संक्षिप्त प्रतिक्रिया दिँदै भने। मन्त्री मोटेगीको जापानी प्रतिनिधिमण्डल र अमेरिकी व्यापार प्रतिनिधि रोबर्ट लाइटजिरबीच तीन दिनसम्म व्यापार वार्ता भएको थियो ।

'वार्तामा भएका प्रगतिका बारेमा जापान-अमेरिका सम्मेलनमा सार्वजनिक गरिनेछ,' मोटेगीले बताए। सो सम्मेलन फ्रान्समा आयोजना हुने जी-७ को बैठक कै अवसरमा हुँदैछ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र जापानी प्रधानमन्त्री सिन्जो आबेबीच निकै सुमधुर सम्बन्ध रहेको भए पनि ट्रम्पले जापानमाथि द्विपक्षीय व्यापारमा अमेरिकाबाट अनपेक्षित लाभ पाइरहेको आरोप लगाउँदै आएका छन् । उनले दुवै मुलुकबीचको व्यापारिक सम्बन्धलाई बढी समावेशी बनाउनुपर्नेमा जोड दिँदै आएका छन् ।

लाइटिजर र मोटेगीबीचको छलफलमा अमेरिकी कृषिजन्य वस्तुमाथि लादै आएको करलाई ट्रान्स-प्यासिफिक पार्टनरसिप (टिपिपी) सम्झौता बमोजिम अन्य देशसरह बनाउन जापान सहमत भएको छ । साथै जापानले अमेरिकाबाट आयात हुने मासुजन्य वस्तुको कर घटाउने तथा दुधजन्य वस्तुमा लगाउँदै आएको कोटा अवदेखि नराख्ने सहमति पनि भएको जापानी प्रसारण संस्था एनएचकेले जनाएको छ ।

जापानले यसअघि टिपिपी सम्झौता बमोजिम कृषिजन्य वस्तुका सन्दर्भमा अन्य मुलुक सरहको व्यवहार गर्ने वचन अमेरिकालाई दिँदै आएको थियो ।

पछिल्लो सहमतिमा अमेरिकाले जापानी औद्योगिक वस्तुमाथि अतिरिक्त कर नलगाउने जनाएको छ । तर जापानलाई टाउको दुखाई भएको जापानी सवारी साधनमाथि लाग्ने अमेरिकी करका बारेमा भने अहिले कुनै सहमति भएको छैन ।

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोल्खा
३ नं.प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

पहिलो पटक प्रकाशित मिति २०७६/०५/०९

यस कार्यालयबाट **मिति २०७६/०३/३०** मा **नागरिक** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित **गौरीशंकर गाउँपालिकाको** Construction of Bhorle Tinekhu Gaurishankar Rural Municipality Centre Road **निर्माण (ठेक्का नं.** GRM/NCB/04/2075-076) कार्य सम्बन्धी सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाता सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद **ऐन २०६३ को दफा २७ (२)** बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

क्र.सं.	ठेक्का नं.	विवरण	बोलपत्रदाताको नाम र ठेगाना	स्वीकृत रकम (भ्याट बाहेक)	कैफियत
1	GRM/NCB/ 04/2075-076	Construction of Bhorle Tinekhu Gaurishankar Rural Municipality Centre Road	त्रिवेणी लाफा कन्सट्रक्सन प्रा.लि. काठमाडौं	**94,59,590.50** (Ninety four Lakh fifty nine Thousands five hundred ninety Rupees fifty paisa only.	

प्रमुख प्रशासकीय अधिकृत

हडकङ प्रदर्शन

प्रहरीद्वारा गोली र पानीको फोहोरा प्रहार

हङकङ, भदौ ८ (बिबिसी)- हङकङमा आइतबार आयोजित सरकार विरोधी प्रदर्शनमा प्रहरीले प्रदर्शनकारीलक्षित गोली र पानीको फोहोरा प्रहार गरेको छ ।

गत जुन महिनादेखि निरन्तर रूपमा चलिरहेको हङकङ प्रदर्शनका क्रममा पहिलो पटक प्रहरीले प्रदर्शनकारीलाई लक्षित गरेर गोली प्रहार गरेको हो ।

आइतबारको प्रदर्शनमा एकजना प्रहरी अधिकारीले गोली प्रहार गरेको बताइए पनि लौरो बोकेर प्रहरीलाई लखेटिरहेका प्रदर्शनकारीलाई अन्य प्रहरी अधिकारीहरूले पनि बन्दुक ताकिरहेको तस्बिर सार्वजनिक भएका छन् ।

आइतबार दिउँसो भएको सरकार विरोधी प्रदर्शनमा प्रहरीले पानीको फोहोरा हानेको पनि तस्बिर बाहिरिएका छन् । प्रदर्शन हङकङको सुएन वान जिल्लाबाट सुरु भएको थियो र सिम सा सुई जिल्लातर्फ फैलिएको थियो ।

सरकारले मुख्यभूमि चीनतर्फ सुपुर्दगी गर्ने व्यवस्थासहितको विधेयक ल्याउने तयारी गरेपछि हङकङमा प्रदर्शन सुरु भएको थियो । विधेयकले हङकङको न्यायिक स्वतन्त्रतालाई निस्तेज गर्ने र चिनियाँ सरकारको विरोध गर्नेविरुद्ध विधेयकलक्षित हुनसक्ने भन्दै प्रदर्शन सुरु भएको थियो ।

कैयौं साताको विरोध प्रदर्शनपछि हङकङ सरकारले तत्कालका लागि सो विधेयक स्थगित गरिएको घोषणा गरेको थियो । यद्यपि प्रदर्शनकारीले भने विधेयक स्थगन नभई पूर्ण रूपमा खारेज हुनुपर्ने भन्दै प्रदर्शनलाई जारी राखेका छन् ।

प्रदर्शन जारी रहेपछि हङकङकी प्रमुख कार्यकारी क्यारी लामले माफीसमेत मागेकी थिइन् । तर पछिल्लो समयको प्रदर्शन हङकङमा बृहद् प्रजातान्त्रिक सुधार र स्वतन्त्रता कम हुँदै गएको प्रति लक्षित हुन थालेको छ । यति मात्रै नभई प्रदर्शनकारीले हङकङकी नेत्री लामको राजीनामाको मागसमेत गर्दै आएका छन् ।

एसियाली हब हङकङमा भइरहेको पछिल्लो प्रदर्शन स्वतन्त्रता र स्वायत्तताको मागतर्फ अघि बढिरहेको छ। कुनैबेला बेलायतको उपनिवेशका रूपमा रहेको हङकङ हाल एक राष्ट्र, दुई प्रणाली' अन्तर्गत चीनको एक महत्त्वपूर्ण अंगका रूपमा रहेको छ ।

यही व्यवस्थाका कारण हङकङमा मुख्यभूमि

सरकारविरोधी प्रदर्शनमा सहभागी प्रदर्शनकारीमाथि बल प्रयोग गर्दै हङकङ प्रहरी । तस्बिर : एजेन्सी

> हङकङको प्रदर्शनलाई चीनले भने आतंकवादी गतिविधिको संज्ञा दिएको छ । बढ्दो तनावकै बीच चीनले हङकङनजिकैको सेन्जेन सहरमा हजारौं सशस्त्र सुरक्षा फौज तैनाथ गरेको छ ।

चीनमा भन्दा बढी स्वतन्त्रता, छुट्टै कानुनी व्यवस्था र आफ्नै न्याय प्रणाली रहेको छ। विदेश र रक्षा नीतिबाहेकमा चीन सरकारले हङकङलाई स्वायत्तता प्रदान गरेको छ ।

हङकङको प्रदर्शनलाई चीनले भने आतंकवादी गतिविधिको संज्ञा दिएको छ। बढ्दो तनावकै बीच चीनले हङकङनजिकैको सेन्जेन सहरमा हजारौं सशस्त्र सुरक्षा फौज तैनाथ गरेको छ ।

निस्तर १२ सातासम्म चलिरहेको हङकङ प्रदर्शनमा पहिलो पटक आइतबार गोलीसमेत प्रहार भएको हो ।

प्रहरीले भने प्रदर्शनकारीलाई चेतावनीस्वरूप माथी गोली प्रहार गरिएको र प्रदर्शनकारीसँगको झडपका कारण घाइते भएका आफ्ना कैयौं अधिकारीलाई अस्पताल लगिएको जनाएको छ ।

प्रहरीसँग झडप सुरु भएपछि कालो पहिरनमा उत्रिएका प्रदर्शनकारीले प्रहरीमाथि ईंटा र पेट्रोल बमसमेत प्रहार गरेको बिबिसीले उल्लेख गरेको छ ।

प्रहरीमाथि नै प्रदर्शनकारी जाइलायेपछि प्रहरीले खबका गोली र अश्रुयासका साथै पानीको फोहोरा प्रहार गर्न ड्रोनटा ट्र्याक प्रयोग गरेको बताइएको छ ।

यसै महिनाको सुरुवातमा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एमेस्टी इन्टरनेसनलले प्रदर्शनकारीलाई पानीको फोहोरा प्रहार गर्दा त्यसले जटिल घाइते बनाउन सक्ने र त्यसले थप तनाव वृद्धि हुनसक्नेतर्फ सचेत गराएको थियो ।

प्रहरी र प्रदर्शनकारीबीच झडप भएको समाचार बाहिरिँदै गर्दा हङकङकै अर्को क्षेत्रमा भने आइतबार नै शान्तिपूर्ण ज्यालीसमेत आयोजना भएको बिबिसीले उल्लेख गरेको छ। यस्तो ज्यालीमा केही सहभागी प्रहरीको परिवारबाट पनि आएको बताइएको छ। उनीहरूले हङकङमा १२ सातादेखि जारी तनावको राजनीतिक समाधान खोज्न दबाब दिने उद्देश्यले ज्यालीको आयोजना गरेको बिबिसीले उल्लेख गरेको छ ।

लोकतन्त्र पक्षधर प्रदर्शनकारीमाथि प्रहरी कडा भएको भन्दै केही अधिकारवादीहरूले हङकङ प्रशासनको विरोध गरेका छन् । शनिवारको प्रदर्शनका क्रममा पनि प्रहरीसँगको झडपका कारण सैयौं मानिसलाई अस्पताल भर्ना गरिएको थियो ।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
बुद्धनगर, काठमाण्डौ

काठमाण्डौबाट दक्षिण कोरियाको सिऔलसम्म जाने नेपाली कामदारहरूको लागि टिकट आपूर्ति सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६।०५।०९

ठेक्का नं. ०२-०७६/७७ (NCB)

यस कार्यालयलाई आ.व. ०७६/७७ देखि एक वर्षसम्मको लागि काठमाडौंबाट दक्षिण कोरियाको सिऔलसम्म नेपाली कामदारहरू पुऱ्याउनको लागि आवश्यक पर्ने टिकट आपूर्ति गर्न विद्युतीय बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इजाजत प्राप्त इच्छुक संस्था, फर्म/कम्पनीहरूले यो सूचना तथा बोलपत्र फारामसा उल्लेखित शर्त एवं रित पूरा गरी देहायको रकम बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन दिनको १२:०० बजे भित्र https://www.bolpatra.gov.np/egp मा eGP-प्रणाली सञ्चालन निर्देशिका २०७४ बमोजिम upload गरी पेश गर्न विद्युतीय बोलपत्र आव्हान गरिन्छ ।

शर्तहरू:-

१. बोलपत्रबापतको शुल्कको लागि रू. २०,०००।- (बिस हजार मात्र) फिर्ता नहुने गरी देहाय बमोजिम जम्मा गरेको बैंक भौचरको स्थान कपी बोलपत्रसाथ अपलोड गर्नुपर्ने छ ।
बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, टेकु
खाता नं: क १११९९९
राजश्व शिर्षक नं: १४२२७
कार्यालयको कोड नं: ३७।०२२५०१

२. नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनीहरूले फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू १/१ प्रति अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

३. यस कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको देहाय बमोजिमको बिडवण्ड वा नगदै जमानत जम्मा गरेको सक्कली बैंक भौचर वा बैंक जमानी पत्रका साथै अन्य कागजातहरू scan गरी बोलपत्र साथ Upload गर्नुपर्नेछ ।

जमानत रकम: रू. १,००,००,०००।- (एक करोड मात्र)	कार्यालयको कोड नं. २७-३७-०५
धरौटी खाता नं. १२०१२००००१००२५२४	जमानी पत्र (बिड बण्ड) मान्य अवधि: बोलपत्र खोलेको मितिले १५० दिन
बैंक: नेपाल राष्ट्र बैंक बालुवाटार	

४. बोलपत्रको पूर्व बैठक प्रथम पटक प्रकाशित भएको सूचनाको मितिले एकहप्ता दिन दिनको ३ बजे हुनेछ । प्रस्तावदाताहरूलाई सो समयमा उपस्थित हुन आग्रह गरिन्छ ।

५. विद्युतीय बोलपत्र (e-bidding) सम्बन्धी थप जानकारी:
(क) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.bolpatra.gov.np बाट सूचना र बोलपत्र सम्बन्धि कागजात download गरी प्राप्त गर्न सकिने छ । सोही सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्रक्रिया र शर्तहरूको परिधीमा रहि बोलपत्र पेश गर्नुपर्ने छ ।
(ख) e-bidding मा बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरू बोलपत्रमा उल्लेख गरिए अनुरुप सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साइट https://www.bolpatra.gov.np/egp मा scanned copy upload गर्नुपर्ने छ ।
(ग) बोलपत्रदाताहरूले यो सूचना प्रकाशित भएको २१ औं दिन दिनको १२:०० बजे भित्र eGP-प्रणाली सञ्चालन निर्देशिका २०७४ बमोजिम बोलपत्र सम्बन्धि कागजातहरू upload गरिसक्नु पर्ने छ ।
(घ) बोलपत्र पुरै वा आंशिक स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा तोकिएको परिमाणमा घटी वा बढी लिने गरी स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६. विद्युतीय बोलपत्रहरू (प्राविधिक प्रस्ताव) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन अपराह्न २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूकोउपस्थिति नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । प्राविधिक प्रस्तावमा उत्तीर्ण भई छनौट भएको बोलपत्रदाताहरूलाई आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थानको बारेमा जानकारी गराइने छ । बोलपत्र खरिद गर्ने अन्तिम दिन वा पेश गर्ने दिन वा पूर्व-बोलपत्र बैठकका लागि तोकिएको दिन सार्वजनिक बिदा परी कार्यालय बन्द भएमा उक्त कार्य त्यस पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

७. बोलपत्र खोलि स्वीकृत भएको खण्डमा स्वीकृत बोलपत्रदाताले सो को सूचना पाएको १५ दिने भित्र लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अंक कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा १५ प्रतिशतले हुन आउने रकम कबुल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्ने छ । सो रकम यस कार्यालयको नेपाल राष्ट्र बैंक बालुवाटार स्थित धरौटी खाता नम्बर १२०१२००००१००२५२४ मा रकम जम्मा गरेको सक्कली बैंक भौचर वा सोहि रकम बराबरको कम्तिमा १३ महिना अवधि भएको मान्यता प्राप्त बैंकको बैंक जमानी पत्र (Unconditional Performance Bond) गरी सम्झौता गर्न आउनुपर्नेछ । सो बमोजिम सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी वा बिडवण्ड रकम जफत गरी दोश्रो घटी कबोल गर्ने बोलपत्रवालासँग सम्झौता गर्ने प्रक्रया अगाडि बढाइने छ ।

८. H.R.D. Service of Korea बाट प्राप्त उडान तालिका अनुसारका व्यक्तिहरूलाई हवाई टिकट उपलब्ध गराउनु पर्ने छ र सो बापतको टिकटको मूल्य सम्बन्धित व्यक्तिबाटै भुक्तानी लिनु पर्ने छ, टिकट लगायतको रकम कार्यालयबाट भुक्तानी हुने छैन ।

९. टिकट आपूर्ति सम्बन्धी विवरण, परिमाण एवं स्पेसिफिकेसन बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र सम्बन्धी अन्य कुराहरू भुक्तन परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई सम्पर्क राख्न सकिनेछ ।

महानिर्देशक